# बिलिभर्स इस्टर्न चर्च

# गोठालोको पत्र

नोभेम्बर/डिसेम्बर २०२३

बिलिभर्स ईस्टर्न चर्चका सबै विश्वासयोग्य जनहरुलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा आशिष् तथा अभिवादन! आमेन!

ख्रिस्टमा प्रिय जन,

हामी नोभेम्बर महिनाको अन्त्यतिर बढ्दैछौं र डिसेम्बर महिनालाई स्वागत गर्ने तयारी गर्दैछौं। यस बेला हामीले आफैलाई यी दुईवटा महिनाको महत्त्व स्मरण गराउनु जरुरी छ। नोभेम्बर महिनाले नयाँ लिटर्जी वर्षको सुरुआतलाई संकेत गर्दछ भने डिसेम्बरको समयमा हामीले लिटर्जीको क्यालेन्डरका सबैभन्दा महत्त्वपूर्ण घटनाहरुमध्ये एउटा घटनाको उत्सव मनाउँछौं र त्यो ख्रिस्टको जन्म उत्सवको घटना हो।

परमेश्वरका जनको रुपमा हाम्रो जीवन अरु सबैले पालन गर्दै आएका क्यालेन्डरमा भन्दा बढी चर्चको क्यालेन्डरमा केन्द्रित हुन्छ। हामीले ख्रिस्टमा आफ्नो जीवनलाई बढाउन यो नयाँ लिटर्जी वर्षमा केही संकल्पहरु गर्नु महत्वपूर्ण हुन्छ। हामीमध्ये कसैले दिनहुँ बाइबल पढने, परिवार बसेर प्रार्थना गर्ने, दिनहुँ पश्चात्ताप गर्ने, प्रभुलाई दशांस दिने, चर्च क्यालेन्डर अनुसरण गरी त्यसमा भएका कार्यक्रमहरु पालन गर्ने, अरुलाई वास्ता गर्ने र यस्तै अरु कुराहरु गर्ने बानी बसाल्नुपर्ने आवश्यकता हुन सक्छ।

म तपाईंहरुलाई उत्साह दिन्छु, कि तपाईंहरु आफैले यी आत्मिक अनुशासनहरु पालन गर्ने संकल्प गर्नुहोस् र ती कुरालाई निरन्तर तपाईंहरुको जीवनको हिस्सा बनाउनुहोस्। यी सबै कुरा गर्नका लागि महत्त्वपूर्ण कुरा भनेको चर्चको क्यालेन्डर इमानदारीसाथ अनुसरण गर्नु हो, जसले तपाईंको निम्ति यो कार्य गर्न धैरै सजिलो बनाउँछ। यस क्यालेन्डरले सबै उपवास र पर्वहरु समावेश गर्दछ। तपाईंको आत्मिक जीवन निर्माण गर्ने उद्देश्यले चर्चले यो क्यालेन्डर तयार गरेको हो। हामीले हाम्रा प्रभु येसु ख्रिस्टको सांसारिक जीवनमा घटेका महत्त्वपूर्ण घटनाहरुलाई स्मरण गर्न सक्ने प्रकारले चर्चको क्यालेन्डर तयार गरिएको छ। चर्चको यो क्यालेन्डर घोषणाकालदेखि सुरु हुन्छ र यस  कालले मुख्य रुपले क्रिस्मस पर्वमा जोड दिन्छ।

क्रिस्मसमा आशा, शान्ति र आनन्दको शक्तिशाली सन्देश छ। क्रिस्मसले हामीलाई परमेश्वरले गर्नुभएको प्रेम र उद्धारको अपार कार्यमाथि मनन गर्न सहायता गर्दछ। ख्रिस्ट जन्मेको रात स्वर्गदूतहरुले गोठालाहरुलाई गरेका घोषणामा यस्तो स्पष्ट विचार छः "नडराओ, किनभने हेर, म तिमीहरुलाई बडो आनन्दको सुसमाचार सुनाउँछु,

जो सबै मानिसहरुका निम्ति हुने छ। आज दाउदको सहरमा तिमीहरुका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रिस्ट प्रभु हुनुहुन्छ" (सन्त लुका २:१०-११)। स्वर्गदूतहरुले घोषणा गरेझैं यो सुसमाचार हामी लगायत सबै मानिसका निम्ति हो, र यसले हाम्रा हृदयलाई आनन्द र आशाले भर्दछ। परमेश्वर हाम्रो मानव इतिहासमा प्रवेश गर्नुभएको छ र इम्मानुएल बन्नुभएको छ, जसको अर्थ हो 'परमेश्वर हामीसँग,' जसरी बाइबलले भन्दछ, "अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बिचमा बास गर्नुभयो" (सन्त युहन्ना १:१४)। स्वर्गदूत, ज्योतिषी, र गोठालाहरुले ख्रिस्टको जन्मको सुसमाचार आफैमा सीमित राखेनन्, तर तिनीहरुले त्यो समाचार अरुलाई बताए र आफूले भेटेका मानिसहरुलाई आफ्ना अनुभव र सत्यता सुनाए। क्रिस्मसको समयमा त्यो आनन्द र उत्सव प्यारिस, घर र हाम्रा हृदयका पर्खालहरुदेखि बाहिर निस्केर हामी बसिरहेका समाजमा पुग्नुपर्छ।

क्रिस्मसको दिनसम्म संसारभरका अर्थोडक्स क्रिस्चियनहरुले ख्रिस्ट जन्मको पर्व वा क्रिस्मस उपवास पालन गर्छन्। क्रिस्मसको यस समयले हामीलाई परमेश्वरका पुत्रले देहधारण गरी हामीमध्ये एक हुनुभएको महान् आश्चर्यकर्ममाथि मनन गर्न सहायता गर्दछ। यस उपवासको समयमा हामीले आफैलाई भित्र र बाहिर दुवै रुपमा तयार पार्दछौं, यसैले कि जसरी ख्रिस्ट हामीमध्ये एक हुनुभयो त्यसरी नै हामी पनि उहाँजस्तै बन्न सकौं। यो प्रभु येसु ख्रिस्टप्रति हाम्रो समर्पणतालाई नवीकरण गर्ने र हाम्रो जीवनमा फेरि सन्तुलन, शान्ति र पवित्रता स्थापित गर्ने समय हो।

धेरै पटक हामी उपवास बस्नु भनेको भोजन नखानु हो भनी विचार गर्छौं। तर सन्त जोन क्रिसोस्टमले हामीलाई यस्तो सल्लाह दिन्छन्, 'उपवास बस्नु भनेको भोजन नखानु मात्र हो भनी सोच्नेहरु गलत छन्; वास्तिवक उपवास भनेको दुष्टता र खराबीबाट टाढा बस्नु हो।' त्यसकारण हामीले यो कुरा स्मरण गर्नुपर्छ कि भोजन नखाई उपवास बस्दा हाम्रा जीवनलाई नियन्त्रण गर्ने पाप, निन्दाचर्चा, डाह, रीस र यस्ता सबै कुराबाट पनि टाढा रहन हामीलाई चुनौती दिइएको छ।

आउनुहोस्, एउटा चर्चको रुपमा यी अवसरहरुको सदुपयोग गर्दै हामी चर्चको क्यालेन्डर र त्यसका विभिन्न कार्यक्रमहरुमा सक्रियतासाथ सहभागी होऔं र ख्रिस्टको एउटै देहको रुपमा जिऔं। यस नयाँ लिटर्जी वर्षमा हामी सक्रिय हुन सकौं, हामी चर्चका पर्खालहरुदेखि बाहिर जान सकौं, हाम्रा प्यारिसहरु मिसनको काममा बढ्दै जान सकुन् र हामी हाम्रा प्रभु येसु ख्रिस्टजस्तै बन्न सकौं!

सर्वशक्तिमान् परमेश्वरको अनुग्रह र शान्ति सदासर्वदा तपाईंहरु सबै जनासँग रहिरहोस्।

ख्रिस्टमा तपाईंहरुका आत्मिक पिता

अथनेसियस योहान् प्रथम मट्रोपोलिटन

२० नोभेम्बर २०२३